गोरखापत्र

Sunday ...

# वन पैदावारबाट स्थानीय बासिन्दाको जीवनस्तर बढ्ने

Sunday-6-003 गोरखापत्र

राष्ट्रिय समाचार समिति

ललितपुर, असार २१ गते । ग्रामीण समुदायका लागि खाद्य सुरक्षाको महत्वपूर्ण आधार मानिने गैरकाष्ठ वन पैदावारमा समुदायकै वैधानिक अधिकार हुनुपर्नेमा जोड दिइएको छ ।

दिगो कृषि तथा जैविक स्रोतका लागि एसियाली नेटवर्क (एन्साब) द्वारा हिजो यहाँ आयोजित गैरकाष्ठ वन पैदावार उत्पादनको नीति विषयक छलफल कार्यक्रममा वन क्षेत्रका जडीबुटी र गैरकाष्ठ वन पैदावारको परिचालनसम्बन्धी नीतिगत र कानुनी व्यवस्थाको कार्यान्वयन एवं परिमार्जन सम्बन्धमा उठेका सवालमा तत्काल छलफल गरी अल्पकालीन र दीर्घकालीनरूपमा उपयुक्त नीतिगत र कानुनी प्रावधानको विकास गर्नुपर्नेमा वक्ताहरूले जोड दिए ।

वन विभागका उपमहानिर्देशक डा. केशवराज कँडेलले गैरकाष्ठ वन पैदावारसम्बन्धी नीति बनाउन सजिलो भए पनि सोको कार्यान्वयनमा अत्यन्त जटिलता रहेको चर्चा गर्नुभयो ।

सामुदायिक वन उपभोक्ता महासङ्घका सल्लाहकार हरि न्यौपानेले वन विकास गुरुयोजना– २०४६ सालमा बने पनि प्रभावकारी कार्यान्वयनको अभावमा वन पैदावार र संरक्षणमा ठोस लक्ष्य प्राप्त हुन नसकेको बताउनुभयो । हिमाली जडीबुटी सरोकार समूहका अध्यक्ष मोहन बानियाँले पर्यटन र जलस्रोत, गैरकाष्ठ पैदावार तथा हिमाली क्षेत्रमा पाइने विशेष जडीबुटीको उचित संरक्षणबिना मुलुकको विकास असम्भव भएको चर्चा गर्नुभयो ।

एन्साबका अध्यक्ष विष्णुप्रसाद सुवेदी र युएसआईडीका प्रतिनिधि डा. विज्ञान आचार्यले वन पैदावारबाट स्थानीय जनताको जीवनस्तरमा वृद्धि हुने चर्चा गर्नुभयो ।